पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष :५ पोखरा खण्ड :७१ प्रमाणित मिति: २०७८ माघ २८ गते

## भाग १

## बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७४ (दोश्रो संशोधन)

## बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७४ (दोश्रो संशोधन)

बालबालिकाको व्यवस्थित गर्ने ऐन २०७५ मा दोस्रो शंशोधन तपशिल बमोजिम रहेको छ ।

| क्र.सं. | भएको | हुनुपर्ने | कारण |
|---|---|---|---|
| १ | दफा (७) को उपदफा (१) मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण लगायत आधारभुत अधिकार सुनिश्चित गर्न प्रदेश सरकारले आवश्यक कार्ययोजना स्वीकृत गरी कार्यन्वयन गर्नेछ । | १) 'प्रदेश सरकारले' भन्ने शब्द झिकी 'महानगरपालिकाले' भन्ने शब्द राख्नुपर्ने । | शब्द सच्याउनुपर्ने |
| २ | दफा (१२) उपदफा (१) मा महानगरस्तरीय बाल अधिकार समिति तपशिल अनुसार रहेको १) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र संबद्धन गर्न देहाय बमोजिमको एक महानगरस्तरीय बाल अधिकार समिति रहनेछ ।<br>क) उपप्रमुख – अध्यक्ष<br>ख) जिल्ला बाल संरक्षण समीतिको प्रतिनिधि १ जना –सदस्य | क) उपप्रमुख – अध्यक्ष<br>ख) अध्यक्षबाट नगर सभा सदस्य मध्येबाट मनोनित एक जना महिला सहित दुई जना) – सदस्य<br>ग) शिक्षा महाशाखा प्रमुख–सदस्य<br>घ) स्वास्थ्य महाशाखा प्रमुख –सदस्य<br>ङ) सामाजिक विकास महाशाखा प्रमुख –सदस्य | विषयगत महाशाखा प्रमुखहरु र जनप्रतिनिधिहरुको सहभागिता छुट भएको ले समितिलाई पूर्णता दिन वाञ्छनीय देखिएकाले |

| | | | |
|---|---|---|---|
| १ | ग) बालबालिकाको क्षेत्रमा काम गर्ने गैह सरकारी संस्था वा बालबालिकाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्ति वा विशेषज्ञहरु मध्येबाट अध्यक्षले मनोनयन गरेका कम्तिमा १ जना महिला सहित ३ जना –सदस्य<br>घ) बालबालिका सम्बन्धि संस्था वा क्लबको महानगर स्तरीय सञ्जाल प्रतिनिधि १ जना –सदस्य<br>ङ)महानगर क्षेत्रभित्र स्थापित बाल सुधार गृहको प्रतिनिधि १ जना –सदस्य<br>च)महानगर क्षेत्र भित्रका संघिय वा प्रदेश स्तरीय सुरक्षा निकायका प्रतिनिधि १ जना –सदस्य<br>छ) बालकल्याण अधिकारी –सदस्य सचिव | च) जिल्ला प्रहरी कार्यालय महि( ला बालबालिका सेल प्रमुख १ जना<br>–सदस्य<br>छ) बालगृह संजालको अध्यक्ष/प्रतिनिधि – सदस्य<br>ज) बालबालिकाको क्षेत्रमा कार्य गर्ने संघ संस्था वा बालबालिकाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्ति वा विशेषज्ञहरु मध्येबाट अध्यक्षले मनोनय गरेका १ जना – सदस्य<br>झ) महानगरस्तरीय बालमञ्चको अध्यक्ष वा प्रतिनिधि १ जना छात्रा सहित २ जना – सदस्य<br>ठ) बालकल्याण अधिकारी - सदस्य सचिव | |

| | | | |
|---|---|---|---|
| ३ | दफा (१३) समितिको काम, कर्तव्य, अधिकारमा उल्लेख भएका बुँदाको क्रमसंख्या नमिलेको | ३) दफा (च) पछी क्रमसंख्या (छ), (ज), (झ) मिलाउनुपर्ने | |
| ४ | दफा (१३) को क देखी च सम्म समितिको काम, कर्तव्य अधिकार तोकिएको | ४) समितिको काम कर्तव्य र अधिकार अन्तर्गत दफा (ज) मा 'बालकल्याण अधिकारी तोक्ने' भन्ने बुँदा थप गर्नुपर्ने | ४) संघीय कानुनमा व्यवस्था भए बमोजिम स्थानीय तहले बालकल्याण अधिकारी तोक्नुपर्ने व्यवस्था (बालबालिका सम्बन्धी ऐन २०७५ को दफा (६१) मा स्थानीय तहमा एक जना बालकल्याण अधिकारी रहने भन्ने व्यवस्था भएकाले) |
| ५ | वडा बाल संरक्षण समिति गठन छुट भएको । | ५) वडा बाल संरक्षण समिति गठन तपशिल अनुसार हुनेछ<br>१) वडा अध्यक्ष –अध्यक्ष<br>२) वडा समितिका सदस्य सदस्य (सबै –सदस्य<br>३) वडामा रहेका स्वास्थ्य संस्थाका प्रमुख –सदस्य | ५) स्थानीय सरकार संचालन ऐन अनुसार बालमैत्री वडा घोषणा गर्न र बालबालिकाको क्षेत्रमा आवश्यक काम गर्न वडा संरक्षण समिति आवश्यक रहेको |

| | | | |
|---|---|---|---|
| | | ४) महिला र बालबालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संघसंस्था वा सामुदायिक संस्था वा टोल विकास संस्था मध्येबाट वडा अध्यक्षले मनोनय गरेको प्रतिनिधि (२ जना ) - सदस्य<br>५) वडामा रहेका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि (३ जना) - सदस्य<br>६) वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका –सदस्य<br>७) वडास्तरीय बाल संजालका अध्यक्ष सहिल २ जना (कम्तीमा १ जना बालिका ) – सदस्य<br>८) वडा सचिव सदस्य–सचिव | |

| | | | |
|---|---|---|---|
| | | मनोनित सदस्यको पदावधी ४ बर्षको हुनेछ तर सो समयावधीमा सम्बन्धीत संस्थाको प्रतिनिधित्व गर्ने सदस्य सम्बन्धित संस्थामा आवद्ध नभएमा वा नयाँ चयन भएमा स्वतः पदमुक्त हुनेछ । | |
| ६ | वडा संरक्षण समितिको काम, कर्तव्य र अधिकार छुट हुन गएको | ६) वडा बालसंरक्षण समितिको काम, कर्तव्य अधिकार<br>बालअधिकारको प्रवद्धन तथा संरक्षण, स्थानीय बालमैत्री शासन संचालन र बालबालिकाको क्षेत्रमा आवश्यक कार्य गर्ने,<br>(१) बालमैत्री स्थानीय शासन सम्बन्धी वडास्तरको योजना तयार गर्न र यस पद्धतिको प्रवद्धन गर्न वडा समितिलाई सहयोग गर्ने,<br>(२) बालमैत्री स्थानीय शासन पद्धतिको प्रवद्धन गर्न समन्वयकारी भूमिका विर्वाह गर्ने, | ६) स्थानीय सरकार संचालन ऐन अनुसार बालमैत्री वडा घोषणा गर्न र बालबालिकाको क्षेत्रमा काम गर्न वडा संरक्षण समिति आवश्यक रहेको र समितिको काम, कर्तव्य, अधिकार स्पष्ट हुनुपर्ने भएकाले । |

| | | | |
|---|---|---|---|
| | | (३) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यन्वयन गर्न समन्वय गर्ने,<br>(४) बालक्लब गठन तथा परिचालनमा सहयोग गर्ने,<br>(५)वडामा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी निकाय एवं सामाजिक संघसंस्था र समुह बिच आवश्यक समन्वय गर्ने गराउने,<br>(६) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन गर्ने, गराउने, | |
| ७ | बालकल्याण अधिकारीको व्यवस्था छुट हुन गएको । | ७) महानगरस्तरीय बाल अधिकार समितिको निर्णयबाट एक जना अधिकृतस्तरको कर्मचारीलाई बालकल्याण अधिकारी तोक्नुपने छ ।<br>▶ बालकल्याण अधिकारीको काम, कर्तव्य, अधिकार | ७) संघीय कानुनमा व्यवस्था भए बमोजिम स्थानीय तहले बालकल्याण अधिकारी तो क्नुपर्ने व्यवस्था (बालबालिका सम्बन्धी ऐन २०७५ को दफा (६१) मा स्थानीय तहमा एक जना बालकल्याण अधिकारी |

| | | | |
|---|---|---|---|
| | | मनोनित सदस्यको पदावधी ४ बर्षको हुनेछ तर सो समयावधीमा सम्बन्धीत संस्थाको प्रतिनिधित्व गर्ने सदस्य सम्बन्धित संस्थामा आवद्ध नभएमा वा नयाँ चयन भएमा स्वतः पदमुक्त हुनेछ । | |
| ६ | वडा संरक्षण समितिको काम, कर्तव्य र अधिकार छुट हुन गएको | ६) वडा बालसंरक्षण समितिको काम, कर्तव्य अधिकार<br>बालअधिकारको प्रवद्धन तथा संरक्षण, स्थानीय बालमैत्री शासन संचालन र बालबालिकाको क्षेत्रमा आवश्यक कार्य गर्ने,<br>(१) बालमैत्री स्थानीय शासन सम्बन्धी वडास्तरको योजना तयार गर्न र यस पद्धतिको प्रवद्धन गर्न वडा समितिलाई सहयोग गर्ने,<br>(२) बालमैत्री स्थानीय शासन पद्धतिको प्रवद्धन गर्न समन्वयकारी भूमिका विर्वाह गर्ने, | ६) स्थानीय सरकार संचालन ऐन अनुसार बालमैत्री वडा घोषणा गर्न र बालबालिकाको क्षेत्रमा काम गर्न वडा संरक्षण समिति आवश्यक रहेको र समितिको काम, कर्तव्य, अधिकार स्पष्ट हुनुपर्ने भएकाले । |

| | | | |
|---|---|---|---|
| | | (३) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यन्वयन गर्न समन्वय गर्ने,<br>(४) बालक्लब गठन तथा परिचालनमा सहयोग गर्ने,<br>(५)वडामा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी निकाय एवं सामाजिक संघसंस्था र समुह बिच आवश्यक समन्वय गर्ने गराउने,<br>(६) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन गर्ने, गराउने, | |
| ७ | बालकल्याण अधिकारीको व्यवस्था छुट हुन गएको । | ७) महानगरस्तरीय बाल अधिकार समितिको निर्णयबाट एक जना अधिकृतस्तरको कर्मचारलाई बालकल्याण अधिकारी तोक्नुपर्नेछ ।<br>ङ बालकल्याण अधिकारीको काम, कर्तव्य, अधिकार | ७) संघीय कानुनमा व्यवस्था भए बमोजिम स्थानीय तहले बालकल्याण अधिकारी तोक्नुपर्ने व्यवस्था (बालबालिका सम्बन्धी ऐन २०७५ को दफा (६१) मा स्थानीय तहमा एक जना बालकल्याण अधिकारी |

| | | | |
|---|---|---|---|
| | | देहायबमोजिम हुनेछ । | रहने भन्ने व्यवस्था) |
| ८ | बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार छुट हुन गएको | ८) बालकल्याण अधिकारीको काम कर्तव्य र अधिकार<br>(१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गरी संरक्षणको आवश्यक व्यवस्था मिलाउने ।<br>(२) जोखिममा रहेका र जोखिममा पर्न सक्ने संभावना भएका बालबालिकाको आपतकालिन उद्धार तथा संरक्षण गर्नका लागि आवश्यक समन्वय गर्ने ।<br>(३) बेवारिसे बालबालिकाको संरक्षणका लागि आवश्यक व्यवस्था मिलाउने ।<br>(४) बालगृहहरुको अनुगमनको आवश्यक व्यवस्था मिलाई अनुगमन गर्ने गराउने साथै मापदण्ड विपरित भएका | ८) संघीय कानुनमा व्यवस्था भए बमोजिम स्थानीय तहले बालकल्याण अधिकारी तोक्नुपर्ने व्यवस्था (बालबालिका सम्बन्धी ऐन २०७५ को दफा (६१) मा स्थानीय तहमा एक जना बालकल्याण अधिकारी रहने भन्ने व्यवस्था र दफा (६१) को उपदफा (२) मा बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ भन्ने व्यवस्था भएकोले । |

| | | | |
|---|---|---|---|
| | | बालगृहलाई कारबाहीका लागी आवश्यक सिफारिस गर्ने ।<br>(५) समाजसेवी तथा मनोविज्ञको रोष्टर तयार गरि प्रकाशित गर्ने ।<br>(६) स्थानीय बालअधिकार समितिले लगाए अर्‍याएको अन्य काम गर्ने ।<br>(७) बालबालिका सम्बन्धी ऐन, २०७५ मा व्यवस्था भए बमोजिम बालकल्याण अधिकारीलाई तोकिएका । | |
| ९ | दफा (१८) को उपदफा (१) मा ऐनको उद्धेश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ । | ९) दफा (१८) को उपदफा (१) मा 'प्रदेश सरकारले' भन्ने शब्द झिकी 'महानगरपालिकाले' आवश्यक नियम बनाउन सक्नेछ भन्ने शब्द राख्नुपर्ने । | ९) महानगरपालिकाको हुनुपर्ने ठाउँमा त्रुटी भई प्रदेश सरकार भन्ने शब्द परेको । |

**प्रकाशन मिति : २०७८ फागुन १३ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**